# कोभिड संकट व्यवस्थापन केन्द्र सर्लाहीको बैठक
## २०७८/०१/२४ गते शुक्रबार

आज मिति २०७८/०१/२४ गते शुक्रबार प्रमुख जिल्ला अधिकारी श्री हेमराज तामाङज्यूको अध्यक्षतामा जिल्ला समन्वय समितिका प्रमुखज्यू र मलंगवा नगरपालिकाको प्रमुखज्यूको विशेष र अन्य पदाधिकारीको उपस्थितिमा कोभिड संकट व्यवस्थापनका सम्बन्धमा विभिन्न निर्णय गर्दै जिल्ला कोभिड संकट व्यवस्थापन केन्द्र (DCCMC) को बैठक सुसम्पन्न भयो ।

## कोभिड संकट व्यवस्थापन (DCCMC) केन्द्रको उपस्थिति

| क्र.सं. | नाम,थर | पद/दर्जा | कार्यालय/संस्था | सम्पर्क नम्बर | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १. | हेमराज तामाङ | प्र. जि. अ. | जि. प्रशासन कार्यालय | ९८५४०७७७७७ | |
| २. | सरोज राना | प्रमुख सेनानी | भैरवी दल गण, सर्लाही | ९८४१७०१३७८ | |
| ३. | सन्तोष सिंह राठौर | प्र. उपरीक्षक | जि.प्र.का., सर्लाही | ९८५४०७५५५५ | |
| ४. | गंगाराम श्रेष्ठ | स.प्र. उपरीक्षक | नं.१०गण,हे.क्वा, सर्लाही | ९८५१२७२१०८ | |
| ५. | दिलिप कुमार सिंह | उप अ.निर्देशक | रा.अ. कार्यालय, सर्लाही | ९८५४०४२२४० | |
| ६. | होमनाथ सुबेदी | जि. स. अ. | जि.स.स, सर्लाही | ९८५५०६५२७७ | |
| ७. | श्रवण कुमार नायक | प्रमुख | स्वास्थ्य कार्यालय | ९८५४०४६०८५ | |
| ८. | विनोद कुमार झा | कोभिड फोकल | स्वास्थ्य कार्यालय | ९८४२६३७३१५ | |
| ९. | डा. संजीव कु. सिंह | मे.सु. | मलंगवा अस्पताल | ९८४४०३८४७९ | |
| १०. | श्रीप्रसाद साह | ज.स्वा. निरीक्षक | मलंगवा अस्पताल | ९८५४०२७३३० | |

## विशेष उपस्थिति

| क्र.सं. | नाम,थर | पद/दर्जा | कार्यालय/संस्था | सम्पर्क नम्बर | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १. | मेथुर चौधरी | जि.स.स प्रमुख | जि.स.स, सर्लाही | ९८५४०४०७९८ | |
| २. | निरसल साह | नगर प्रमुख | मलंगवा नगरपालिका | ९८५४०६२७०० | |

## अन्य उपस्थिति

| क्र.सं. | नाम,थर | पद/दर्जा | कार्यालय/संस्था | सम्पर्क नम्बर | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १. | विरेन्द्र प्र. शाह | अध्यक्ष | उद्योग वाणिज्य संघ, सर्लाही | ९८५४०३५४४६ | |
| २. | सञ्जय कु. गुप्ता | व.उपाध्यक्ष | चेम्बर अफ कमर्स, सर्लाही | ९८५४०३५०६१ | |
| ३. | टंक क्षत्री | अध्यक्ष | पत्राकार महासंघ, सर्लाही | ९८५४०३६०१० | |
| ४. | उग्रकान्त झा | अध्यक्ष | नागरिक समाज, सर्लाही | ९८४४०३४००५ | |
| ५. | | | | | |



Scanned with CamScanner

मिति २०७८ वैशाख २३ गते बिहीबार बसेको सबै स्थानीय तह र सरोकारित निकायहरू सहितको जिल्ला कोभिड संकट व्यवस्थापन केन्द्रको बैठकबाट प्राप्त सुझाव र धारणाको समीक्षा गर्दै आजको DCCMC बैठकबाट कोभिड संक्रमण रोकथाम, नियन्त्रण र व्यवस्थापनका लागि स्थानीय तहको सहभागिता र योगदानमा आइसोलेसन सेन्टर निर्माण तथा निषेधाज्ञा जारी सम्बन्धमा देहायबमोजिम निर्णय गरियोः-

## निर्णय

### १. कोभिडको अवस्था समीक्षा र आइसोलेसन सेन्टरको निर्माण सम्बन्धमा

आज मिति २०७८/०१/२४ गते १२:३० बजेसम्मको तथ्यांक अध्ययन गर्दा कोभिड परीक्षण (एन्टिजेट र पिसिआर दुवै गरी) कूल ६८० रहेको, संक्रमितको संख्या कूल २४३ रहेको र मृत्यु हुनेको संख्या ४ जना रहेको छ । यस तथ्यका आधारमा स्थितिको समीक्षा गर्दा कोभिड संक्रमणको फैलावट बढ्दो क्रममा रहेको पुष्टि भएको छ । होम क्वारेन्टिन र होम आइसोलेसनले मात्र धान्न नसक्ने अवस्थालाई मध्यनजर गर्दै भावी दिनमा संक्रमितको उपचारलाई व्यवस्थित गर्न आइसोलेसन सेन्टरको निर्माणको सम्बन्धमा देहायबमोजिम गर्ने निर्णय गरियोः–

(क) यस अघि मिति २०७८ वैशाख २० गतेको DCCMC बैठकको निर्णय नं. २ बमोजिम जिल्ला समन्वय समितिका प्रमुखको संयोजकत्वमा नगर/गाउँपालिकाको प्रमुख/अध्यक्ष सदस्य रहने गरी जिल्ला कोभिड संकट व्यवस्थापन समन्वय समिति गठन गर्ने निर्णय भएकोमा उक्त समन्वय समितिको पदाधिकारी र DCCMC को सक्रियतामा आइसोलेसन सेन्टर निर्माण गर्न तुरून्त स्थलगत अनुगमन गर्ने ।

(ख) सबै पालिकाले आफ्नो क्षमता अनुसार एकल रूपले सार्वजनिक संरचना, स्थल, भवन, विद्यालय, गोदाम, कारखाना इत्यादिको प्रयोग गरी उपचारसहितको आइसोलेसन सेन्टर वा आइसियू अस्पतालको निर्माण गर्न जिल्ला कोभिड संकट व्यवस्थापन समन्वय समितिमार्फत आवश्यक समन्वय एवम् अनुरोध गर्ने ।

(ग) जिल्लाको पूर्व, पश्चिम, उत्तर र दक्षिण भेगलाई समेट्ने गरी प्रत्येक निर्वाचन क्षेत्रमा कम्तिमा १/१ वटा स्वास्थ्य मापदण्ड र उपचारको सुविधायुक्त आइसोलेसन सेन्टर निर्माण गर्न ५/५ वटा गाउँ तथा नगरपालिकाको क्लस्टर बनाई संयुक्त बजेट योगदान हुने गरी तत्काल उपयुक्त संरचना र स्थलको अध्ययन र स्थलगत अनुगमन सहितको बैठक आयोजना गर्न जिल्ला कोभिड संकट व्यवस्थापन समन्वय समितिका संयोजक जि.स.स. प्रमुख मेथुर चौधरीज्यूलाई अनुरोध गर्ने ।



Scanned with CamScanner

(घ) अधिल्लो वर्ष सञ्चालित आइसालेसन सेन्टरहरू (सन्त अल्पमाई नर्सिङ कलेज, कृषि सामग्री लिमिटेडको गोदाम घर, बागवानी केन्द्र आदि) लाई पुनः सञ्चालनमा ल्याउन तुरून्त आवश्यक व्यवस्था र कामकारवाही आरम्भ गर्ने ।

(ङ) आइसोलेसन सेन्टरको निर्माणलाई तीव्रता दिन DCCMC र जिल्ला कोभिड संकट व्यवस्थापन समन्वय समितिका पदाधिकारी र अन्य निकायहरूबीच आवश्यक समन्वय गरी शिघ्र कामकारवाही अघि बढाउने ।

## २. निषेधाज्ञा जारी सम्बन्धमा

महामारीको रूपमा कोभिड - १९ फैलिएको सन्दर्भमा सर्लाही जिल्लाभित्र कोभिड १९ को संक्रमण र जोखिमको रोकथाम र नियन्त्रण गर्न मिति २०७८ वैशाख २५ गते राती १२ः ०० बजेदेखि २०७८ वैशाख ३१ गते राती १२ः०० बजेसम्म जिल्लाभर लागू हुने गरी स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा (३) र संक्रामक रोग ऐन, २०२० को दफा २ बमोजिम अत्यावश्यक सेवा बाहेकका सम्पूर्ण सेवा बन्द हुने गरी प्रमुख जिल्ला अधिकारीबाट निषेधाज्ञा जारी गर्ने । पूर्व जानकारीका लागि निषेधाज्ञाको सूचना तुरून्त जिल्ला प्रशासन कार्यालयको वेभसाइट daosarlahi.moha.gov.np र जिल्ला प्रशासन कार्यालय, सर्लाहीको फेसबुक पेजमा राख्ने ।



Scanned with CamScanner